(घ) विदेशी विशेषज्ञको हकमा अंग प्रत्यारोपण गर्न नेपाल मेडिकल काउन्सिलवाट स्वीकृत लिएको कागजात समितिलाइ अनिवार्य रुपमा प्रत्यारोपण गर्नु अगाडी उपलब्ध गराउनु पर्ने छ।

(ङ) मानव शरीरबाट निकालिएको अङ्गलाई वैज्ञानिक प्रविधि अपनाई अति सुरक्षित रुपमा राख्नुपर्नेछ।

(च) अङ्ग प्रत्यारोपण गर्दा अङ्ग ग्रहण गर्ने व्यक्तिको सम्बन्धमा सम्पूर्ण सुरक्षित विधिहरु अपनाउनु पर्नेछ।

(छ) अङ्ग प्रत्यारोपण गर्दा वा प्रत्यारोपण गरिसकेपछि सम्बन्धित व्यक्तिलाई प्रवाह गर्नु पर्ने सूचनाहरु यथेष्ठ मात्रामा र उचित समयमा दिनुपर्नेछ।

(ज) अङ्ग प्रत्यारोपण गर्ने क्रममा अङ्ग दाता र ग्रहणकर्ता दुवैलाई अङ्ग दिदाँ र लिदाँको अवस्थामा तथा त्यसपछि हुन सक्ने जोखिम एवं जटिलताको बारे यथेष्ठ जानकारी गराई सबै बुझी सहमत भएपश्चात् मात्र शल्यक्रियाको लागि मंजुरीनामा गर्नुपर्नेछ।

(झ) समितिले आवश्यक देखेका अन्य विषयका सम्बन्धमा समय समयमा निर्देशन दिन सक्नेछ।

(३) उपदफा (१) बमोजिम समितिले दिएको निर्देशन वा आदेश पालना गर्नु सम्बन्धित स्वास्थ्य संस्था तथा व्यक्तिगत इजाजतपत्र प्राप्त चिकित्सकको कर्तव्य हुनेछ।

(४) उपदफा (१) बमोजिम समितिले दिएको आदेश तथा निर्देशन पालना नगर्ने वा पालना गर्न अटेर गर्ने सम्बन्धित स्वास्थ्य संस्थालाई समितिले अङ्ग प्रत्यारोपण सम्बन्धी सेवा सञ्चालन गर्न ६ महिनासम्मको लागि निलम्बन गर्न वा रोक्न सक्नेछ।

४. <u>**निरीक्षण सम्बन्धी व्यवस्था :**</u> (१) नियमावलीको नियम ३ को उपनियम (३) बमोजिम अनुमतिपत्र प्राप्त स्वास्थ्य संस्था तथा नियम ४ को उपनियम (२) बमोजिम इजाजतपत्र प्राप्त चिकित्सकले नियमावलीको अनुसूची ३ र ४ बमोजिमको भौतिक स्रोतसाधन, जनशक्ति र आवश्यक पूर्वाधारको सुविधा उपलब्ध भए वा नभएको सम्बन्धमा समितिले आवश्यकता अनुसार निरीक्षण तथा अनुगमन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको भौतिक साधन, जनशक्ति र आवश्यक पूर्वाधार पूरा भए नभएको सम्बन्धमा समितिले जुनसुकै समयमा निरीक्षण तथा अनुगमन गरी आवश्यक आदेश दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम समितिले दिएको आदेशको पालना गर्नु सम्बन्धित स्वास्थ्य संस्था संचालक र इजाजतपत्र प्राप्त चिकित्सकको कर्तव्य हुनेछ।

(४) उपदफा (३) बमोजिम समितिले दिएको आदेशको पालना नगर्ने स्वास्थ्य संस्थाको नविकरण नगर्ने/इजाजतपत्र खारेज गर्न सक्नेछ।